# शितगंगा नगरपालिका

## स्थानीय राजपत्र

**खण्डः ८,** **संख्याः ८,** **मितिः २०८१/११/२२**


## भाग-२

# शितगंगा नगरपालिका

शितगंगा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## शितगंगा नगरपालिकाको निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो आदि उत्खनन, सकंलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः**

शितगंगा नगरपालिका क्षेत्रभित्र रहेका निजी आवादी जग्गाबाट ढुङ्गा, गिटी, बालुवा, माटोको उत्खनन्, संकलन तथा विक्री कार्यलाई व्यवस्थित गरी पर्यावरणीय जोखिम न्यूनिकरण गर्दै विकास निर्माणको आवश्यकता पुरा गर्नका साथै कृषि उत्पादन बढाउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (घ) को बुँदा ६ र (ज) बुदाँ १२, १३ अनुसार सम्वन्धित नगरपालिकालाइ ढुङ्गा, गिट्टी, बालुवा, माटो आदीको बिक्री तथा निकासी शुल्क दस्तुर संकलनका साथै सम्वन्धित क्षेत्रको वातावरण संरक्षण र जैविक विविधता कायम राख्नको साथै वातावरणीय जोखिम न्युनीकरण गर्ने गराउने दायित्व तोकेकोले सो गर्ने गराउने सन्दर्भमा ढुङ्गा, गिट्टी, माटोको उत्खननलाई व्यवस्थित गरी प्राकृतिक सम्पदाको समुचित प्रयोग गर्न गराउन आवश्यक भएकोले जुनसुकै प्रकारको उत्खननलाई यस कार्यविधि बमोजिम गर्न गराउनका साथै निजी जग्गाहरुलाई आवास, कृषि, गैर कृषि, व्यावसायिक वा गैर व्यावसायिक प्रयोजनका लागि व्यवस्थापन गर्ने तथा सो क्रममा उत्खनन हुने ढुंगा, गिट्टी, वालुवा, माटो संकलन तथा ढुवानी गर्ने कार्यलाई नियमन तथा व्यवस्थित गर्न वान्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ तथा यस नगरपालिकाको प्रशासकीय (कार्यविधि नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालयले यो कार्यविधि बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यस कार्यविधिको नाम "निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो आदि उत्खनन, सकंलन तथा ढुवानी व्यवस्थित गर्ने सम्वन्धी कार्यविधि २०८१" रहेको छ ।

(ख) यो कार्यविधि शितगंगा नगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा र व्याख्या :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) 'प्रमुख' भन्नाले शितगंगा नगरपालिका को प्रमुख सम्झनु पर्दछ ।

(ख) 'उप-प्रमुख' भन्नाले शितगंगा नगरपालिकाको उप-प्रमुख सम्झनु पर्दछ ।

(ग) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले शितगंगा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(घ) 'नगर कार्यपालिका' भन्नाले शितगंगा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) 'नगरपालिका' भन्नाले शितगंगा नगरपालिकालाई सम्झनु पर्दछ ।

(च) 'निजी जग्गा' भन्नाले कुनै व्यक्तिको हक भोगको जग्गा धनी दर्ता प्रमाण पुर्जा प्राप्त जग्गा सम्झनु पर्दछ ।

(छ) 'अनुमति पत्र' भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने तोकिएको कार्य गर्न प्राप्त अनुमति पत्र सम्झनु पर्दछ ।

(ज) 'शुल्क वा दस्तुर ' भन्नाले नगरपालिकामा बुझाउनु पर्ने शुल्क वा दस्तुर सम्झनु पर्दछ ।

(झ) 'नगर सभा' भन्नाले शितगंगा नगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

(ञ) 'कार्यदल' भन्नाले यसै कार्यविधि बमोजिम गठित कार्य समूह सम्झनु पर्दछ ।

(ट) 'प्राविधिक समिति' भन्नाले यसै कार्यविधी बमोजिम गठित समितिलाइ सम्झनु पर्दछ ।

(ठ) 'निर्माण जन्य पदार्थ' भन्नाले भूगर्भ तथा भू-सतहमा रहेको माटो, ढुङ्गा, ग्राभेल, मिस्कट बालुवा, गिट्टी जस्ता साधारण निर्माणमुखी पदार्थलाई जनाउनेछ ।

(ड) "पदार्थ" भन्नाले निजी जग्गा व्यवस्थित गर्ने क्रममा निस्कने सबै प्रकारका साधारण निर्माणमुखी पदार्थलाई जनाउनेछ ।

(ढ) "वातावरणीय परिक्षण" भन्नाले नगरपालिकाले स्वीकृत गर्न पाउने सक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणी अध्ययन सम्झनु पर्दछ ।

**३. कार्यविधिको आवश्यकताः**

क) निजी स्वामित्व रहेको जग्गामा व्यवस्थित उत्खनन गरी कृषि उत्पादन वृद्धिमा सहयोग पु-याउन ।

ख) साधारण निर्माण जन्य माटो, ढुङ्गा, ग्राभेल, मिस्कट बालुवा, गिट्टी र भस्कट जस्ता साधारण निर्माणमुखी पदार्थको बजार अभाव घटाई निजी स्वामित्वको जग्गा व्यवस्थापन गर्दा निस्कने त्यस्ता पदार्थको बजार आपूर्ति सहज बनाउन ।

ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (घ) को बुँदा ६ एवं प्रदेश कानून बमोजिम निजी जग्गामा उत्पादन भएको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, मिस्कटमा समेत कर लगाउन सक्ने कानूनी अधिकारको समुचित प्रयोग गर्दै अवैध उत्खनन्, विक्री वितरण र राजश्व चुहावट हुनबाट रोक्न ।

घ) सार्वजनिक निर्माणको लागि आवश्यक पर्ने तथा सो क्रममा उत्खनन् हुने प्राकृतिक स्रोतको उचित व्यवस्थापन गर्न ।

**४. कार्यविधिको उद्देश्यः**

क) उद्योगजन्य कच्चा पदार्थ / निर्माणजन्य अन्य साधारण निर्माणमुखी पदार्थ स्थानीय रुपमा आपूर्ति गर्ने ।

ख) निषेधित क्षेत्र र सरकारी तथा सार्वजनिक स्थलको गैरकानूनी उत्खननलाई नियन्त्रण गर्ने ।

ग) उत्खननका क्रममा र उत्खनन पश्चात आउन सक्ने सानातिना स्थानीय विवाद घटाउने ।

घ) निजी स्वामित्वमा रहेको जग्गालाई खेति योग्य बनाउन सहयोग पुर्याउने ।

ङ) निजी जग्गामा एक प्रकारको उत्पादन प्रणालीबाट अर्को प्रकारको उत्पादन प्रणालीमा जान चाहने कृषकलाई सहजिकरण गर्ने ।

च) अव्यवस्थित उत्खननबाट स्थानीय पर्यावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई उत्खनन पूर्व आँकलन गरी नकारात्मक प्रभाव घटाउने क्रियाकलाप सहित उत्खनन कार्य व्यवस्थित गर्ने ।

छ) सार्वजनिक निर्माणको लागि आवश्यक पर्ने तथा सो क्रममा निश्कासन हुने प्राकृतिक स्रोतको उचित व्यवस्थापन गर्ने ।

**५. कार्यविधि लागू हुने क्षेत्रः**

यो कार्यविधि शितगंगा नगरपालिकाको क्षेत्रभित्र लागू हुनेछ ।

**६. निजी जग्गा व्यवस्थापन :-**

(क) यस कार्यविधि अनुसार शितगंगा नगरपालिका क्षेत्र भित्र रहेका निजी जग्गाहरु आवास, कृषि वा गैर कृषि, व्यावसायिक वा गैर व्यावसायिक प्रयोजनका लागि पहरो काट्ने, खन्ने, सम्याउने, खाडल बनाउने, पुर्ने वा चक्लाबन्दी गर्ने समेतको कार्य निजी जग्गा व्यवस्थापन कार्य हो ।

**७. अनुमति नलिई जग्गा व्यवस्थापन गर्न नहुने**

(क) कसैले यस कार्यविधि बमोजिम अनुमति नलिई यस नगरपालिका क्षेत्रभित्र निजी जग्गा व्यवस्थापनको नाममा ढुंगा, गिट्टी, बालुवा आदि उत्खनन, संकलन ओसार पसार तथा विक्री वितरण गर्नु हुँदैन ।

**८. अनुमति लिनु पर्नेः** शितगंगा नगरपालिका क्षेत्र भित्र रहेका जुनसुकै जग्गाधनीले भारी यान्त्रिक उपकरणको प्रयोग गरी देहायको कार्य गर्दा गराउदा शितगंगा नगरपालिकाको कार्यालयबाट अनुमति लिनु पर्ने छ ।

क) आफ्नो घर घडेरी सम्याउने कार्य बाहेक जुनसुकै उद्देश्यले यान्त्रिक उपकरणको प्रयोग गरी उत्खनन गर्ने कार्य ।

ख) जमिन सम्याउने वा खेति योग्य बनाउने कार्य ।

ग) माछा पोखरी वा पोखरी निर्माण गर्ने कार्य ।

घ) उत्खनन बाट निस्कने साधारण निर्माण जन्य साधारण निर्माण मुखी नदीजन्य पदार्थ एक स्थान बाट अर्को स्थानमा ओसार पसार गर्ने कार्य । तर आफ्नो निजी स्वामित्वमा रहेको जमीनबाट निस्कने निर्माणजन्य पदार्थको व्यापार गर्ने उदेश्य नराखी शितगंगा नगर क्षेत्र भित्र प्रयोग गर्न तथा जग्गा सम्याउन, घर घडेरी खन्न अनुमति लिइ रहनु पर्ने छैन ।

**९. अनुमति पत्रको लागि निवेदन दिनुपर्ने : :-**

(१) कुनै व्यक्ति वा संस्थाले यस कार्यविधि बमोजिम निजी जग्गा व्यवस्थापन गर्न चाहेमा प्रयोजन खुलाई अनुसूचि २ बमोजिम नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) निजी जग्गा व्यवस्थापन गर्न निवेदन पेश गर्दा देहाएका कागजात संलग्न गर्नु पर्नेछ ।

(क) व्यवस्थापन गर्नु पर्ने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

(ख) सम्वन्धित जग्गाधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ग) सधियारहरु समेतको सर्जमिन मुचुल्का (चार किल्ला समेतको)

(घ) संधियारको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

(ङ) प्रयोजन सहित सम्बन्धित वडाको चौकिल्ला खुलेको सिफारिस

(च) यस कार्यविधि बमोजिम वातावरणीय परिक्षण गर्नु पर्ने अवस्थामा नगरपालिकामा सुचिकृत परामर्शदाताबाट भएको वातावरणीय परिक्षण प्रतिवेदन

(छ) व्यवस्थापन गर्ने जग्गाको नापी कार्यालयबाट जारी नक्सा

(ज) जग्गा व्यवस्थापन पूर्व र जग्गा व्यवस्थापन गरे पश्चात देखिने जग्गाको स्वरूपको प्रस्तावित नक्सा (स्केज)

(झ) संस्थाले कार्य गर्ने भएमा जग्गाधनीको मन्जुरीनामा र संस्थाले गरेको सम्झौता पत्र

(ञ) जग्गाको चालु आ.व.मा मालपोत तिरेको रसिदको प्रतिलिपि

**१०. तोकिएका ढुवानीका साधनबाट मात्र ढुवानी गर्नु पर्ने**

(१) निजी जग्गा व्यवस्थापन गर्दा संकलन भएको ढुंगा, गिट्टी, वालुवा, माटो आदि ओसारपसार वा ढुवानी गर्दा नगरपालिकाबाट अनुमति लिएका ढुवानीका साधनहरुबाट मात्र ढुवानी गराउनु पर्नेछ।

**११. वातावरणीय परिक्षण गर्नु पर्ने**

(१) ३ रोपनी वा ५००० घ.मी. भन्दा बढी परिमाण उत्खनन् हुने निजी जग्गा व्यवस्थापन गर्न चाहने कुनै व्यक्ति वा संस्थाले नगर कार्यपालिकाको कार्यालयमा सूचिकृत परामर्शदाताबाट प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गर्नु पर्नेछ । तर ३ रोपनी वा ५००० घ.मी.भन्दा कम परिमाण उत्खनन् हुने क्षेत्रफलको निजी जग्गा व्यवस्थापन गर्न भने प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनिवार्य हुने छैन ।

(२) दफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि ५००० घन मिटर भन्दा कम परिमाण उत्खनन भइ निकासी हुने जग्गाको वातावरणीय परीक्षण गर्नु पर्ने छैन ।

(३) यस कार्यविधि अनुसार गरिने काम कारवाहीको अनुगमन/निरक्षण गर्न देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) उप प्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (ङ) योजना शाखा प्रमुख | सदस्य |
| (च) पूर्वाधार विकास शाखा प्रमुख/इन्जिनियर | सदस्य |
| (छ) राजस्व शाखाको प्रमुख | सदस्य सचिव |

(४) उपदफा (१) बमोजिम वातावरणीय परीक्षण प्रतिवेदन तथा स्थलगत अध्ययन गरी सिफारिस गर्न देहाय बमोजिम सदस्य रहने गरी एक प्राविधिक समिति/कार्यदल गठन गरिनेछ ।

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |

(ख) योजना शाखा प्रमुख — सदस्य

(ग) पूर्वाधार विकास शाखा प्रमुख/इन्जिनियर — सदस्य

(घ) वातावरण शाखा प्रमुख वा सो कार्य हेर्ने कर्मचारी — सदस्य

(ङ) यस कार्यालयका अमिन — सदस्य

(च) राजस्व शाखाको प्रमुख — सदस्य सचिव

आवश्यकता बमोजिम अन्य व्यक्तिलाइ आमन्त्रित गर्न सक्ने छ ।

(५) ३ रोपनी वा ५००० घ.मी. भन्दा कम उत्खनन् हुने क्षेत्रफल भएको जग्गा व्यवस्थापनको लागि नगरपालिकाबाट खटिएको प्राविधिक टोलीले स्थलगत अध्ययन गरी नगरपालिकामा पेश गरेको क्षेत्रफल र उत्खनन हुने परिमाण खुलेको प्रतिवेदन अनुसूची १ अनिवार्य पेश गर्नु पर्नेछ ।

(६) वातावरणीय परीक्षण वापत लाग्ने परामर्शदाताको पारिश्रमिक जग्गाधनीले व्यहोर्नु पर्ने छ ।

## १२. अनुमति पत्र दिन सकिने :-

(क) निजी जग्गा व्यवस्थापन गर्नको लागि नगर पालिकावाट स्वीकृत IEE प्रतिवेदन वा स्थलगत प्रतिवेदन तथा संलग्न अन्य कागजात सहित नगरपालिकामा प्राप्त भएको निवेदन उपयुक्त देखिएमा प्राविधिक समितिले प्रमुख प्रशासकीय अधिकृत समक्ष अध्ययन प्रतिवेदन पेश गर्नु पर्नेछ ।प्रतिवेदन उपयुक्त देखिएमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुख समक्ष स्वीकृतीका लागि पेश गर्नुपर्नेछ ।

**(ख) प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन साविकै अवस्थामा वा संशोधन सहित स्वीकृत गर्न नगर प्रमुखले नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।**

(ग) नगरकार्यपालिकावाट स्वीकृत भएमा नगर कार्यपालिकाको कार्यालयले सम्बन्धित जग्गाधनीलाई निजी जग्गा व्यवस्थापन गर्ने अनुमति प्रदान गर्नेछ ।

(घ) जग्गा धनीले आफ्नो जग्गा व्यवस्थापनको कार्य नगरपालिकामा नियमानुसार सूचीकृत भएको कुनै संस्थालाई जिम्मा लगाएको अवस्थामा जग्गा धनीले आफ्नो मन्जुरीनामा दिनु पर्नेछ।

(ङ) कुनै व्यक्तिले जग्गा व्यवस्थापन गर्ने क्रममा जम्मा भएको ढुंगा, गिट्टी, बालुवा, माटो आदि निजी जग्गामा भण्डारण गरेको विक्री वितरण गर्नु पर्ने भएमा नगरपालिकाबाट मौज्दात प्रमाणित गराई यस कार्यविधि बमोजिमको ढुवानी प्रकृया र राजस्व रकम बुझाइ विक्री वितरण गर्न सक्नेछ ।

(च) जग्गा व्यवस्थापन गर्दा संकलन हुने ढुंगा, गिट्टी, बालुवा, माटो आदि भण्डारण गर्नु परेमा निजी जग्गामा भण्डारण गर्नु पर्नेछ । सार्वजनिक, सरकारी वा ऐलानी, पर्ती जग्गामा भण्डारण गरेको पाइएमा नगरपालिकाले जफत गरी लिलाम गर्न सक्नेछ ।

## १३. अनुमतिको अवधी :

(क) निजी जग्गा व्यवस्थापन गर्न प्रदान गरिएको अनुमति पत्रको अवधी जेष्ठ मसान्त सम्मको लागि हुनेछ । तर अनुमति पत्र प्राप्त गरेता पनि अनुमति पत्र प्राप्त गरेको अवधीको असार १ गते देखि भदौ मसान्तसम्म निजी जग्गा व्यवस्थापन सम्वन्धी कुनै पनि कार्य गर्न पाइने छैन।

(ख) म्याद भित्र उत्खनन भएको ढुंगा, गिट्टी, बालुवा, माटो आदि असार मसान्तसम्म ढुवानी हुन नसकी मौज्दात रहन गएमा नगर कार्यपालिकाको कार्यालयमा जानकारी गराई मौज्दात प्रमाणित गराउनु पर्नेछ । असार मसान्तमा मौज्दात प्रमाणित गरिएको ढुंगा, गिट्टी, बालुवा, माटो आदि भदौ मसान्त पछि मात्र ढुवानी गर्न अनुमती दिन सकिनेछ।

**१४. म्याद थप गर्न सकिनेः**

पहिलो पटक निश्चित अवधि तोकी उत्खनन तथा ओसार पसार गर्ने अनुमति प्रदान गरिएको म्याद भित्र कार्यसम्पादन हुन नसकेको कुनै मनासिव कारण देखाई म्याद थपका लागि माग भएमा कारण मनासिव भए प्राविधिक समितिको सिफारिसमा बाँकी रहेको कार्यसम्पादन गर्न लाग्ने अवधिका लागि कार्यालयले म्याद थप गर्न सक्नेछ ।

**१५. विवरण हेरफेर गर्न सकिनेः**

उत्खनन तथा ओसार पसारका लागि अनुमति पत्रमा उल्लेखित यान्त्रिक उपकरण तथा सवारी साधनको विवरण उचित कारण सहित हेरफेर गर्न माग भएमा औचित्यका आधारमा कार्यालयले हेरफेर गर्न सक्नेछ ।

**१६. शुल्क वा दस्तुर तिर्नुपर्नेः-**

(क) निजी जग्गा व्यवस्थापन गर्न अनुमति पत्रका लागि निवेदन दिँदा रु १०००/- (अक्षरुपी एक हजार रुपैया मात्र) निवेदन दस्तुर लिइनेछ । जग्गा व्यवस्थापन गर्दा संकलन भएका ढुंगा, गिट्टी, वालुवा, माटो आदि ढुवानी गर्दा लुम्बिनी प्रदेश सरकारले तोकेको नदिजन्य पदार्थको दररेटमा मूल्य अभिवृद्धि कर तथा अग्रिम कर समेत थप गरी हुन आउने रकम ढुवानीका लागि अनुमति दिनु अगावै नगर कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

(ख) ढुवानी गर्ने ट्याक्टर, टिप्पर तथा उत्खनन कार्यमा प्रयोग हुने भारी यन्त्र उपकरणहरु नगरपालिकाबाट अनुमती लिएर मात्र संचालन गर्नुपर्ने छ । अनुमती नलिएको ढुवानीको साधनले ढुवानी गरेको र उत्खनन कार्यमा मेशिन प्रयोग गरेको पाईएमा जुनसुकै वखत नियन्त्रणमा लिईने छ ।

(ग) ढुवानी तथा उत्खनन कार्यमा संलग्न मेशिन नगरपालिकामा सूचिकृत भएको हुनु पर्ने छ ।

**१७. उत्खननका लागि शर्त तथा मापदण्डः**

उत्खननका लागि अनुमति प्राप्त व्यक्तिले प्रस्तावित स्थलमा उत्खनन गर्दा देहाय बमोजिमका शर्त तथा मापदण्डहरु पालना गर्नु पर्नेछ ।

(क) उत्खनन अनुमति पत्रमा उल्लेखित यान्त्रिक उपकरण र सवारी साधनको मात्र प्रयोग गर्नु पर्छ ।

(ख) माछा पोखरी/ पोखरी निर्माणको हकमा बढीमा ५ फिटसम्म गहिराईमा उत्खनन गर्न पाइनेछ ।

(ग) जग्गा सम्याउने कार्यको हकमा प्रस्तावित जमिनको सब भन्दा तल्लो तहसम्म मात्र उत्खनन गर्न पाउनेछ।

(घ) डाँडा खाला मिलाई खेतियोग्य जमिन बनाउने कार्यको हकमा सबभन्दा उँचा भागलाई हटाउने सम्मको परिमाण सम्म उत्खनन गर्नु पर्नेछ ।

(ङ) ढुङ्गा ग्रेगान गिट्टी बालुवा हटाई जमिन सुधार गर्न वा खेतियोग्य बनाउन प्राविधिक नाप जाँच भएको परिमाण मात्र हटाउनु पर्नेछ र शर्त उल्लङघन गरी खाडल पुर्नु पर्ने भएमा माटोको व्यवस्था समेत सम्बन्धित पक्षले गर्नु पर्नेछ ।

(च) सडक छेउको कुनै डाँडो भएको भागमा उत्खनन गर्नु परेमा स्वीकृत आइइइ वा प्राविधिक प्रतिवेदन अनुसार उँचा भागलाई हटाई बाटोको लेभलमा सम्मो हुने गरी उत्खनन गर्नु पर्नेछ र यसरी उत्खनन गर्दा पहिरो नजाने गरी स्लोप कटिङ्ग वा स्टेप कटिङ्ग गरी जोखिम हुन नदिने गरी व्यवस्था गर्नुपर्नेछ ।

(छ) उत्खनन कार्य बिहान सुर्योदय देखि सुर्यास्त हुने बेला सम्म मात्र गर्नु पर्नेछ ।

**१८. अनुमति दिन नसकिने :**

देहायको अवस्था र जग्गामा अनुमति दिन सकिने छैन ।

(क) साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन गर्न निषेध भएको क्षेत्र ।

(ख) अनुगमन समितिको सिफारिसमा नगरपालिकाको निर्णयबाट निषेध गरेको क्षेत्र।

(ग) सरकारी पर्ति जग्गा, सार्वजनिक जग्गा, वन क्षेत्र, जग्गाको स्वामित्व नेपाल सरकारमा रही भोगाधिकार मात्र प्राप्त भएको जग्गा ।

(घ) निजी जग्गाको चौकिल्ला मध्ये कुनै कित्तमा सरकारी सार्वजनिक जमिन रही त्यस्तो सार्वजनिक जमिनमा असर पर्ने रहेछ भने त्यस्तो जग्गा।

(ङ) कुनै जग्गामा प्रस्तावित उत्खननले प्रकोप निम्त्याउन सक्दछ भन्ने प्राविधिक प्रतिवेदनले औंल्याएको रहेछ भने त्यस्तो क्षेत्रको जग्गा।

(च) कार्यालयबाट गरिने सामाजिक तथा वातावरणीय लेखाजोखाले अनुपयुक्त देखाएको जग्गा ।

**१९. ओसार पसार गर्दा पालना गर्नु पर्ने शर्त तथा मापदण्डहरु :-**

अनुमति लिई उत्खननबाट निस्केको पदार्थहरु अन्यत्र ओसार पसार गर्ने गरी अनुमति भएको रहेछ भने त्यस्ता अनुमति प्राप्त व्यक्तिले ओसार पसार गर्दा देहायको शर्त तथा मापदण्ड पालना गर्नु पर्नेछ ।

(क) उत्खनन स्थलबाट अन्यत्र ओसार पसार गरिने पदार्थहरुको उत्खननकर्ताले कानूनले तोकेको नमुनाको पटके बिक्री आदेश/ विल/रसिद/ बिजक सँगै जारी गर्नु पर्नेछ । सोको अभिलेख तोकिएको ढाँचाको खातामा राखि पटके बिक्रि आदेशको एक प्रति र सोको परिमाण खुल्ने तेरिज तयार गरी कार्य सम्पन्न हुने बित्तिकै नगरपालिकामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । खाता तथा आवश्यक कागजात नगरपालिकाबाट नमुना लिई उत्खनन कर्ताले आफै छपाई गर्नु पर्नेछ ।

(ख) उत्खनन स्थलबाट ओसार पसार गर्दा सुर्योदय देखि सुर्यास्थ सम्मको समयमा मात्र गर्नु पर्नेछ ।

(ग) साधारण निर्माणमुखी पदार्थ ढुवानी गर्ने साधनले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।

(घ) पदार्थ ढुवानी गर्ने सवारीले उत्खनन स्थलबाटै ढाकेर लैजानु पर्नेछ र सडकमा सवारीको गति मापदण्ड भन्दा बढी नहुने गरी चलाउनु पर्नेछ ।

(ङ) ओसारपसार गर्ने भित्रि बाटोहरुमा धुलो उड्न नदिन नियमित पानी छर्कने कार्य उत्खननकर्ताले नै गर्नु पर्नेछ ।

(च) ओसारपसार गर्ने क्रममा कच्ची, ग्राभेल गरिएको तथा पिच गरिएको सडकमा सवारीले बाटो क्षती गरेमा उत्खननकर्ताले बाटोलाई मर्मत संभार गर्नुपर्नेछ ।

(छ) स्थानीय नागरिकहरुबाट उत्खनन तथा ओसारपसार सम्बन्धमा कुनै गुनासो राखेमा सोको व्यवस्थापन उत्खननकर्ताले नै गर्नु पर्नेछ ।

(ज) उत्खनन स्थलमा तोकिएको विवरण सहितको सूचनापाटी राख्नु पर्नेछ । सडकको भार वाहन क्षमता अनुसारको सवारी साधन मात्र प्रयोग गर्न पर्नेछ।

(झ) ओसार पसारको लागि लोड भएको सवारी गन्तव्यमा नपुगुन्जेल सडक किनारमा रोकी राख्न पाईने छैन।

**२०. शर्त उल्लङ्घन गर्ने उपरको कारवाही :**

उत्खनन र ओसार पसार गर्दा पालना गर्नु पर्ने शर्त तथा मापदण्ड पालना गरेको नपाईएमा त्यस्तो उत्खननकर्ता र ढुवानीकर्तालाई देहाय बमोजिम हुनेछ।

क) अनुमति नलिई निजी जग्गा व्यवस्थापन गरेमा यसै कार्यविधिको दफा २० बमोजिम दण्ड जरिवाना गरिने छ ।

ख) यस कार्यविधिको वर्खिलाप गर्नेलाई लुम्बिनी प्रदेश सरकारले तोकेको न्यूनतम दस्तुरमा नघट्ने गरी नगरकार्यपालिकाले तोकेको दररेटलाई आधार मानी दोब्बर बिगो कायम गरिनेछ । बिगो बराबरको रकममा त्यति नै अंकमा थप रकम योग गरी कायम हुन आउने कूल रकम बराबर नगरपालिकाले जरिवाना गर्न सक्नेछ ।

ग) तोकिएको स्थानमा बाहेक अन्यत्र उत्खनन गरेकोमा तत्काल अनुमति पत्र खारेज गरी उत्खनन गरेको परिमाणको हुने राजश्व र सोही बरावरको थप रकम बुझाउन लगाई उत्खनन गरेको स्थलको खाडल उत्खनन्कर्ताले पुर्नु पर्नेछ ।

घ) स्वीकृत परिमाण र गहिराई भन्दा बढी उत्खनन गरेको पाईएमा तत्काल अनुमति पत्र खारेज गरी उत्खनन् गरेको परिमाणको हुने राजस्व र सोही बराबरको थप रकम बुझाउन लगाई उत्खनन गरेको स्थलको खाडल पुर्नु पर्नेछ ।

ङ) अनुमतिमा तोकिएको साधन बाहेक अन्य साधनबाट उत्खनन् तथा ओसारपसार गरेमा वा यस कार्यविधि बमोजिम कार्यालयले दिएको निर्देशनको पालना नगर्ने उत्खनन्कर्ता तथा ओसारपसार कर्तालाई प्रदान गरिएको अनुमतिपत्र तत्कालै खारेज गरिनेछ ।

च) कार्यविधि विपरित अवैध रुपमा माटो तथा अन्य निर्माण जन्य साधारण निर्माणमुखी पदार्थ उत्खनन तथा ओसारपसार गरेको पाईएमा देहाय अनुसार जरिवाना गरिनेछ ।

१. ट्याक्टर रु २०, ०००।– (बिस हजार)

२. ट्रक, टिपर रु ४०,०००/- (चालिस हजार)

३. व्याक हो लोडर, स्क्याभेटर ५०,०००/- (पचास हजार)

४. पटके जरिवाना जरिवानाको दोब्बर रकम लिईनेछ ।

## २१. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था :

यस कार्यविधि बमोजिम गरिएका काम कारवाहीको अनुगमन गर्न देहाय बमोजिमका संयन्त्र परिचालन गरिनेछ ।

(क) <u>नगरपालिकाबाट गरिने अनुगमन:</u> कार्यविधिको दफा ११ को (३) अनुसार गठित समितिले जुनसुकै समयमा पनि अनुगमन तथा निरिक्षण गर्न सक्नेछ । अनुगमन गर्दा कार्यविधि विपरित कार्य गरेको पाईएमा तत्काल कार्य रोक्का गरी कारवाहीको लागि सिफारिस गर्न सक्नेछ ।

(ख) <u>कार्यालयबाट गरिने अनुगमन:</u> कार्यविधिको दफा ११ को (४) अनुसार गठित प्राविधिक समिति/कार्यदले कार्य प्रारम्भ गर्न दिने अवस्था, कार्य प्रारम्भ भई सकेपछि बीच बीचमा र कार्य सम्पन्न भई सकेपछि अनुगमन गर्नु पर्नेछ । यसरी गरिएको पटक पटकको अनुगमन प्रतिवेदन कार्यालयमा पेश गर्ने दायित्व सम्बन्धित अनुगमन गर्ने कार्यदलको हुनेछ ।

(ग) <u>नगरपालिकाको अनुरोधमा गरिने अनुगमन</u>: उत्खनन तथा ओसारपसार कार्यको अनुमति प्रदान भई सके पछि नगरपालिकाले अनुरोध गरेमा प्रहरीले समेत अनुमतिका शर्त पालना भए नभएको अनुगमन गर्नेछ । यसरी अनुगमन गर्दा शर्त उल्लङ्घन भएको पाईएमा उल्लङ्घनकर्ता र उल्लङ्घनमा संलग्न सवारी साधनलाई नियन्त्रणमा लिई कारवाहीको लागि कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

## २२. सार्वजनिक निर्माणमा माटो, ढुंगा तथा नदिजन्य पदार्थ उपयोग सम्बन्धमा

१. संघ, प्रदेश तथा स्थानीय तहवाट वा सो सँग साझेदारीमा संचालित कार्यक्रम योजनाहरुको संचालन गर्दा योजना संचालन गर्ने निकायको सिफारिसमा उक्त आयोजनावाट निस्कने निर्माणजन्य सामग्रीहरुको परिमाण एकीन गरी नगरपालिकाले प्रदेश सरकारले तोकेको अंक नघट्ने गरी राजश्व लिई सोही वा अन्य सार्वजनिक निर्माण कार्यमा खपत गर्न अनुमती दिन सक्नेछ।

२. यदी कुनै सडक स्तरोन्ती गर्ने क्रममा साधारण निर्माणमुखी पदार्थ ढुङ्गा माटो मिस्कट निस्की सो सडकमा प्रयोग हुने अवस्था नभइ फाल्नु पर्ने अवस्था भएमा राजश्व बुझाइ लैजान चाहेमा जो कोहीलाइ पनि लैजान अनुमती दिन सकिनेछ।

३. कुनै सार्वजनिक स्थानमा रहेको साधारण निर्माणमुखी पदार्थ हटाउनु पर्ने अवस्था भइ स्थानीय वासीको माग सहित वडाबाट सिफारिस भइ आएमा नापजाँच गरी प्रतिष्पर्धा गराइ आफ्नो लगानीमा खनी तोकिएको राजश्व बुझाइ लैजान अनुमती दिन सक्नेछ ।

**२३. जग्गा व्यवस्थापन, उत्खनन र ढुवानीमा रोक लगाउन सकिने :**

यस कार्यविधि बमोजिम अनुमति प्राप्त गरी जग्गा व्यवस्थापन गरिने स्थलको नगरपालिकाबाट अनुगमन निरिक्षण गर्दा वा अनुमति प्राप्त गरेको व्यक्तिले गरेको कार्य र ढुवानी सम्बन्धमा परेको उजुरीको छानबिन गर्दा यस कार्यविधिको उल्लंघन भएको पाइएमा नगरपालिकाले तत्काल उत्खनन् तथा ढुवानी कार्यमा रोक लगाउन सक्नेछ र यसै कार्यविधिको दफा २० बमोजिम दण्ड जरिवाना गर्न सक्नेछ ।

**२४. अनुमति पत्र रद्ध गर्न सकिने :**

तोकिएको शर्त र समयसीमा भित्र कार्य प्रारम्भ र सम्पन्न नगर्ने व्यक्ति वा व्यवसायीलाई यस कार्यविधि बमोजिम प्रदान गरिएको अनुमति पत्र स्वतः रद्ध हुनेछ ।

**२५. अनुमति लिने व्यक्ति वा संस्थाले पालना गर्नुपर्ने शर्तहरुः**

अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थाले नगरकार्यपालिकाको कार्यालयबाट तयार गरी तोकी दिएको शर्तहरु अनिवार्य पालन गर्नुपर्नेछ ।

**२६. अनुमति पत्रको प्रतिलिपिः**

(क) अनुमति पत्र हराएमा, नासिएमा वा कुनै कारणबस च्यातिएमा अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थाले सोको प्रतिलिपि माग गर्न सक्नेछ ।

(ख) दफा २६ (क) बमोजिम प्रतिलिपि माग गरेमा नगरपालिकाले रु.१००० (एक हजार) दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ ।

**२७. पुनरावेदन :**

क) दफा २० बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले ३५ दिन भित्र नगरकार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

ख) कार्यपालिकाको निर्णयमा चित्त नवुझेमा नगर सभामा नगरपालिका प्रमुख मार्फत पुनरावेदन गर्न सक्नेछ र नगर सभाको निर्णय अन्तीम हुनेछ ।

**२८. कार्यविधि व्याख्या, विश्लेषण तथा अन्य व्यवस्था :**

(क) यस कार्यविधिको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ ।

(ख) यस कार्यविधिको कुनै प्रावधानहरु, संविधान, सङ्घीय तथा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(ग) यस कार्यविधि संशोधन गर्नुपरेमा **दफा ११ को उपदफा (३) बमोजिम** गठित कार्यदलको सिफारिसमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

**२९. निर्देशन पालना गर्नुपर्ने :**

उत्खनन तथा ओसार पसार गर्ने कार्यको अनुमती प्राप्त व्यक्ति, संस्थाले प्राप्त गरेको अनुमति पत्रमा जुनसुकै कुरा उल्लेख भएतापनि कार्यालयले दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

**३०. प्रदेश कानून वमोजिम हुने :**

उत्खनन तथा ओसार पसार कार्य सम्बन्धमा प्रदेश कानून निर्माण भई व्यवस्था भएमा सोही वमोजिम हुनेछ ।

**३१. विविध :**

(क) उत्खनन गरिने जग्गामा डाले घाँस प्रजातिका बाहेक अन्य साल, सिसौ, खयर, आदि प्रजातिका विरुवा पर्ने भए इलाका/ डिभिजन वन कार्यालय संग समन्वय गरी रुख कटान आदेश लिनुपर्नेछ । रुख कटानीबाट प्राप्त हुने राजस्व संघीय वन ऐन बमोजिम दाखिला गर्नु पर्नेछ ।

(ख) नीजि जग्गाको उत्खनन् सम्बन्धी व्यवस्था यस कार्यविधि लागू हुनु भन्दा अगाडी नगरपालिकाबाट जारी भएको अन्य कार्यविधि तथा मापदण्डसँग बाझिएमा बाँझीएको हद सम्म यसै कार्यविधि बमोजिम हुनेछ ।

## अनुसूची -१

शितगंगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ठाडा अर्घाखाँची

**स्थलगत रुपमा सामाजिक तथा वातावरणीय लेखाजोखा गर्ने फाराम :**

निजी जग्गामा यान्त्रिक उपकरणको प्रयोग गरी जग्गा विकास गरी खेतीयोग्य बनाउने, कृषि तथा पशुपालन फर्म निर्माण गर्ने, कटेज रेष्टुरा संचालन गर्ने, माछा पोखरी/पोखरी तथा भिर पाखोमा रहेको ढुङ्गा माटोलाई कटिङ्ग गरी सम्याउने कार्यका लागि प्रारम्भिक चरणमा सम्बन्धित प्राविधिक समितिबाट स्थलगत रुपमा गरिएको संभाव्यता अध्ययन र प्राविधिक तथा सामाजिक लेखाजोखा सम्बन्धी प्रतिवेदन|

१. निवेदकले पेश गरेको विवरण सम्बन्धमा प्राविधिक समितिबाट स्थलगत रुपमा गरिएको सत्य तथ्य प्रमाणीकरण ।

(क) निवेदक जग्गा धनीको नाम थर सम्पर्क फोन.

(ख) ठेगाना: शितगंगा नगरपालिका वडा नं......... टोल ...........

(ग) निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो आदि उत्खनन, सकंलन तथा ढुवानी व्यवस्थित रुपमा सञ्चालन स्थलको ठेगाना

(घ) प्रस्तावित निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो आदि उत्खनन गरी व्यवस्थित गरिने जग्गाको कि.नं. क्षेत्रफल

(ङ) वडा कार्यालयको को सिफारिस मिति............................... च.न. ........

(च) निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो आदि उत्खनन, सकंलन तथा ढुवानी व्यवस्थित गर्नु पर्नाको कारण : (निवेदकको भनाईमा )

(छ) प्रस्तावित निर्माण जन्य पदार्थ / माछा पालन/पोखरी वा अन्य प्रयोजनका लागि उत्खनन् गरिने स्थानको क्षेत्रफल:

१. कुल लम्बाई चौडाई उचाई

(ज) निमार्ण स्थलबाट हटाउनु पर्ने वा बाहिर निकासी गर्नु पर्ने ढुङ्गा, गिट्टी, माटो, को अनुमानित कुल परिमाण :

१. हटाउनु पर्ने अनुमानित परिमाणको विवरण : ढुङ्गा माटो बालुवा . मिस्कट... अन्य.........

२. दैनिक ओसार पसार हुने कुल परिमाण :

३. ओसार पसार गरी लैजाने स्थान

४. उत्खनन् गर्न प्रयोग गरिने यन्त्र औजार : गाडीको प्रकार

५. स्वउपयोगबाट बँचेको पदार्थ हटाई लैजान लाग्ने अनुमानित अवधि :

(झ) उत्खनन् कार्य सम्पन्न हुने अनुमानित मिति :

(ज) कार्य सम्पन्न भए पछि निरीक्षण गराउने अनुमानित मिति :

उल्लेखित सवै विवरण नगरपालिकाबाट खटिएका कर्मचारीले मेरो उपस्थितिमा नाप जाँच गरी भरेका हुन भनि सही गर्ने जग्गा धनिको

नाम थर :................................................................ मिति ............................

दस्तखत.

२. सामाजिक लेखाजोखा सम्बन्धी गरिएको सत्य तथ्य प्रमाणीकरण ।

(क) उत्खनन गरिने जग्गाको चौकिल्लाका सधिंयारहरुको विवरण र मन्जुरी हाम्रो जग्गाको साँध सिमानामा रहेको जग्गा धनि श्री ....................................................को जग्गामा निजले ................................... कार्य गर्ने प्रस्ताव गरेको कुरा थाहा भयो । निजले सो कार्य गरेमा हामी चार किल्लामा रहेका तपशिलका जग्जा/घर धनिहरुलाई कुनै आपत्ति छैन भनि प्राविधिक समितिको रोहवरमा मन्जुर गरी दस्तखत गरि दियौ ।

दिशा चार किल्लाका जग्गा धनिको नाम थर दस्तखत

| पूर्व | कित्ता नं. | नागरिकता नं. | जारी जिल्ला | जारी मिति |
|---|---|---|---|---|

श्री .................................

श्री .................................

पश्चिम

श्री ...........................................

श्री ...........................................

उत्तर

श्री .........................................

श्री ........................................

दक्षिण

श्री .........................................

श्री ........................................

(ख) उत्खननबाट निस्कने साधारण निर्माणमुखी पदार्थ ओसार पसार गरी लैजाने बाटो/सडकको नाम

(ग) उक्त मार्ग वरि परि बस्ने स्थानीय वासीको प्रतिक्रिया (संम्भव भएसम्म)

(घ) ओसार पसारका क्रममा पर्न सक्ने वातावरणीय असरहरु

(ङ) असर न्यूनीकरणका लागि ढुवानीकर्ताले अपनाउनु पर्ने सावधानीहरु :

१.

२.

३.

(च) प्रस्तावित उत्खनन वा जग्गा व्यवस्थापन स्थल कुनै सांस्कृतिक, पुरातात्विक वा अन्य संरक्षित क्षेत्र वा निषेधित क्षेत्रमा पर्ने वा नपर्ने कुरा: (पर्ने भए के कस्तो हो उल्लेख गर्ने)

(छ) उल्लेखित विवरण हामीले सम्बन्धित कार्य स्थलमा गई सत्य तथ्य बुझि पछिसम्म फरक नपर्ने गरी तयार गरेको भनि प्राविधिक समितिको हस्ताक्षर

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

मिति -

## अनुसूची २

**(निजी जग्गामा उत्खननका लागि जग्गा धनिले नगर  कार्यपालिकाको कार्यालयमा दिने निवेदनको  ढाँचा)**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
शितगंगा  नगरपालिका कार्यालय, ठाडा अर्घाखाँची ।

मिति :........................

**विषय : निजी जग्गा उत्खनन गरी निस्कने पदार्थ हटाई पाउँ ।**

मेरो नाममा दर्ता कायम रहेको जिल्ला अर्घाखाँची, शितगंगा नगरपालिका वडा नं........ को  जग्गामा यान्त्रिक उपकरण प्रयोग गरी उत्खनन गर्ने अनुमति पाउन सादर अनुरोध गर्दछु । उत्खनन बाट निस्कने साधारण निर्माणमुखी नदीजन्य पदार्थ आफै/व्यवसायीहरु मार्फत अन्यत्र ओसार पसार गर्ने/नगर्ने भएकोले नियमानुसार दस्तुर लिई अनुमति पाउन अनुरोध गर्दछु आवश्यक प्रमाणहरु निम्नानुसार रहेको छ ।
तपशिल

१. जग्गा धनि प्रमाण पूर्जाको प्रतिलिपि १
२. नेपाली नागरिकताको प्रतिलिपि १
३. सम्बन्धित वडाबाट चौकिल्ला खुलाई गरिएको सिफारिस १
४. मालपोत तिरेको रसदिको प्रतिलिपि १
५. सधियारहरु समेतको सर्जमिन मुचुल्का (नागरिकता प्रमाण पत्रको प्रतिलिपि)
६. यस कार्यविधि बमोजिम वातावरणीय परिक्षण गर्नु पर्ने अवस्थामा नगरपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन
७. व्यवस्थापन गर्ने जग्गाको नापी कार्यालयबाट जारी नक्सा
८. जग्गा व्यवस्थापन पूर्व र जग्गा व्यवस्थापन गरे पश्चात देखिने जग्गाको स्वरूपको प्रस्तावित नक्सा
९. संस्थाले कार्य गर्ने भएमा जग्गाधनीको मन्जुरीनामा र संस्थाले गरेको सम्झौता पत्र

निवेदकको
दस्तखत :
नाम थर :
ठेगाना :
मोबाईल फोन न :

## अनुसूची -३

(अनुमती पत्रको ढाँचा)
शितगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ठाडा अर्घाखाँची

**अनुमती पत्र नं. :** **मिति : ....................**

श्री ....................................
...............................

अर्घाखाँची जिल्ला शितगंगा नगरपालिका वडा नं. ....... टोल ....... मा स्थित जग्गाधनी श्री ..................................... को कित्ता नं. .................. र क्षेत्रफल .................. मा रहेको जग्गाको ..................... क्षेत्रफलमा नगरपालिकामा दर्ता भएका यान्त्रिक उपकरणहरु प्रयोग गरी ढुङ्गा/माटो/गिट्टी/मिस्कट लगायतका निर्माण पदार्थहरु शितगंगा नगरपालिकाको निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो आदि उत्खनन, सकंलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८१ मा उल्लेखित शर्त तथा मापदण्डहरु पालना गर्नेहरु यो अनुमती पत्र मिति................ देखि ......... ...... सम्मको लागि जारी गरिएको छ ।

(प्रमुख प्रशासकीय अधिकृत)

**शर्तहरु :**

(क) उत्खनन स्थलबाट अन्यत्र ओसार पसार गरिने पदार्थहरुको उत्खननकर्ताले कानूनले तोकेको नमुनाको पटके बिक्री आदेश र बिजक सँगै जारी गर्नु पर्नेछ । सोको अभिलेख तोकिएको ढाँचाको खातामा राखि पटके बिक्रि आदेशको एक प्रति र सोको परिणाम खुल्ने तेरिज तयार गरी कार्य सम्पन्न हुने बित्तिकै नगरपालिकामा अनिवार्यरुपमा पेश गर्नु पर्नेछ । खाता तथा आवश्यक कागजात नगरपालिकाबाट नमुना लिई उत्खननकर्ताले आफै छपाई गर्नु पर्नेछ ।

(ख) उत्खनन स्थलबाट पदार्थ ओसारपसार गर्दा सुर्योदय देखि सुर्योस्थ सम्मको समयमा मात्र गर्नु पर्नेछ ।

(ग) पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।

(घ) पदार्थ ढुवानी गर्ने सवारीले उत्खनन स्थलबाटै ढाकेर लैजानु पर्नेछ र सडकमा सवारीको गति मापदण्ड भन्दा बढी नहुने गरी चलाउनु पर्नेछ ।

(ङ) ओसारपसार गर्ने भित्रि बाटोहरुमा धुलो उड्न नदिन नियमित पानी छर्कने कार्य उत्खननकर्ताले नै गर्नु पर्नेछ ।

(च) ओसारपसार गर्ने क्रममा कच्ची, ग्राभल गरिएको तथा पिच गरिएको सडकमा सवारीले बाटो क्षती गरेमा उत्खननकर्ताले बाटोलाई मर्मत संभार गर्नुपर्नेछ ।

(छ) स्थानीय नागरिकहरुबाट भएका उत्खनन तथा ओसारपसार सम्बन्धमा कुनै गुनासो राखेमा सोको व्यवस्थापन उत्खननकर्ताले नै गर्न पर्नेछ ।

(ज) उत्खनन स्थलमा नोकिएको विवरण सहितको सूचनापाटी राख पर्नेछ । सडकको भार वाहन क्षमताअनुसारको सवारी साधन मात्र प्रयोग गर्न पर्नेछ।

(झ) ओसार पसारको लागि लोड भएको सवारी गन्तव्यमा नपुगुन्जेल सडक किनारमा रोकी पाईने छैन।

**अनुसूची -४**

(ढुवानी साधनको अनुमती पत्रको ढाँचा)

शितगंगा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ठाडा अर्घाखाँची

**अनुमती पत्र नं. :** **मिति : .....................**

श्री ......................................

...............................

अर्घाखाँची जिल्ला शितगंगा नगरपालिका वडा नं. ....... टोल ....... मा स्थित जग्गाधनी श्री .................................... को कित्ता नं. .................. र क्षेत्रफल .................. मा रहेको जग्गामा कार्यालयको अनुमती बमोजिम उत्खनन् तथा ढुवानी कार्यको लागि देहाय बमोजिमका सवारी साधनहरुलाई अनुमती दिईएको छ ।

उत्खनन् गर्ने सवारी साधनहरुको विवरण

| सि नं | सवारी नम्बर | सवारी चालकको नाम थर | सवारीको प्रकार | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

ढुवानी गर्ने सवारी साधनहरुको विवरण

| सि नं | सवारी नम्बर | सवारी चालकको नाम थर | सवारीको प्रकार | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(प्रमुख प्रशासकीय अधिकृत)

प्रमाणिकरण मितिः २०८१।११।२२

आज्ञाले

मदन बहादुर जि.सी.

प्रमुख प्रशासकीय अधिकृत